# Nadep Laghubitta Bittiya Sanstha Limited

Centre Office, Gajuri-1, Dhading
Phone: 010-402111, 402124, 01-5249166

# Unaudited Financial Report (Quarterly)

NRB Directive Form No. 9.5

## As at 2nd Quarter (2076/09/29) of Fiscal Year 2076/077

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4857723.82** | **4698549.24** | **3770306.28** |
| 1.1 | Paid-up Capital | 368000.00 | 368000.00 | 160000.00 |
| 1.2 | Reserves and Surplus | 216294.91 | 209741.90 | 190873.56 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2499349.46 | 2441360.19 | 2069533.72 |
| 1.5 | Deposits (a+b) | 1310992.72 | 1217582.07 | 968506.31 |
| | a. Domestic Currency | 1310992.72 | 1217582.07 | 968506.31 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 13681.83 | 22423.06 | 6115.77 |
| 1.7 | Other Liabilities | 449404.91 | 439442.02 | 375276.92 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4857723.82** | **4698549.24** | **3770306.28** |
| 2.1 | Cash & Bank Balance | 39634.08 | 124714.70 | 60337.93 |
| 2.2 | Money at call and short Notice | 467995.33 | 216206.90 | 201287.05 |
| 2.3 | Investments | 2000.00 | 2000.00 | 2000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 4142017.58 | 4126637.88 | 3287407.63 |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | - | - | - |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 4142017.58 | 4126637.88 | 3287407.63 |
| 2.5 | Fixed Assets | 17286.37 | 17230.39 | 18656.30 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 188790.46 | 211759.37 | 200617.37 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 332862.52 | 171063.88 | 278915.61 |
| 3.2 | Interest Expense | 192782.02 | 92218.25 | 159205.43 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **140080.50** | **78845.63** | **119710.18** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 33781.66 | 21866.57 | 34273.16 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **173862.16** | **100712.21** | **153983.33** |
| 3.6 | Staff Expenses | 87220.40 | 47861.32 | 77171.32 |
| 3.7 | Other Operating Expenses | 21068.65 | 11452.99 | 23451.58 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **65573.11** | **41397.89** | **53360.43** |
| 3.8 | Provision for Possible Loss | 17641.92 | 3430.38 | 33319.21 |
| **D** | **Operating profit (C-3.8)** | **47931.19** | **37967.51** | **20041.21** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 2235.51 | 1901.59 | 2383.28 |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **50166.69** | **39869.10** | **22424.49** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **50166.69** | **39869.10** | **22424.49** |
| 3.12 | Provision For Staff Bonus | 4560.61 | 3624.46 | 2038.59 |
| 3.13 | Provision For Tax | 13681.83 | 10873.39 | 6115.77 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **31924.26** | **25371.24** | **14270.13** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 12.44% | 12.29% | 9.54% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.79% | 4.28% | 4.34% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 83.77% | 80.50% | 90.81% |
| 4.4 | Cost of Funds | 11.10% | 10.40% | 10.77% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 315.95% | 338.92% | 339.43% |

Note: The above financial statement is subject to change from Statutory Audit & Supervisory Authority.

| Interest Rate | |
|---|---|
| Against Member Saving – 8% to 9% | Against Loan & Advance- 16% to 18% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपनियम (१) सँग सम्बन्धित अनुसूचि १४ बमोजिमको नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७६/०७७ को दोश्रो त्रैमासिक विवरण

### १. प्रमुख वित्तीय विवरण :

क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी विवरणः यस संस्थाको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।

| शेयर आम्दानी (वार्षिकीकरण) | प्रति शेयर बजार मूल्य | मूल्य आम्दानी अनुपात | प्रति शेयर खुद किताबी मूल्य | प्रति शेयर कुल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|---|
| १७३५ | ६०९ | ३५।१० | १५८।७८ | १३२०।०३ | १३।३२ |

### २. व्यवस्थापकीय बिश्लेषणः

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः संस्थाको व्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति सन्तोषजनक रहेको छ । यस अवधिमा कोष लागत दरमा भएको उच्च बृद्धिको बावजुद गत आ.व.को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा संतोषजनक बृद्धि हुन गएको छ ।

ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरणः राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले समीक्षा अवधिसम्म ४६ वटा जिल्लाहरूमा ७८ शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवा प्रदान गरिरहेको छ । वित्तीय सेवाको पहुँच बाहिर रहेका ग्रामिण समुदायहरूलाई लघुवित्त सेवा प्रदान गर्ने हेतु उपयुक्त देखिएका स्थानहरूमा नयाँ शाखा कार्यालयहरू खोली सेवाहरूको विविधिकरण गरिने छ । वित्तीय स्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट बचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाउन उपयुक्त रणनीति बनाई लागू गरिने छ । हाल संचालनमा रहेको Banking Software लाई आधुनिक किसिमको Online Software बाट प्रतिस्थापन गरी सहज तथा भरपर्दो व्यवस्थापन सूचना प्रणालिको प्रयोग मार्फत उत्पादकत्व बढाउन र संचालन खर्च घटाउन आवश्यक कार्यहरू संचालनमा रहेका छन् ।
यस त्रैमासको अन्त्य सम्ममा संस्थाले हासिल गरेको लक्ष्य तथा प्रगति निम्नानुसार रहेका छन् ।

| विवरण | आ.व.२०७६/०७७ २०७६, असोज मसान्त सम्मको प्रगति | २०७६ पुस मसान्त सम्मको प्रगति |
|---|---|---|
| **कुल सदस्य संख्या** | ८१,११० | ८०,४२७ |
| **लगानीमा रहेको कर्जा (रु. हजारमा)** | ४,२८,५६,८३.०० | ४,३१,५२,७४.०० |
| **कुल बचत तथा निक्षेप (रु. हजारमा)** | १,२१,७५,८२.०० | १,३१,०९,९३.०० |

ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः बाणिज्य बैंकहरूले आधार दरमा प्रिमियम जोडी लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने अवस्थामा अहिले पनि परिवर्तन नभएको र बजारमा तरलताको अवस्था सहज भै नसकेको कारण कोष लागत दरमा बृद्धि हुन गई त्यसको असर मुनाफा रकममा पर्न सक्ने देखिन्छ । एकै कार्यक्रम क्षेत्रमा बहुसंख्यक सेवा प्रदायकहरूको उपस्थिति हुनुले सदस्यहरू बिच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको स्तरमा ह्रास आउनु, सदस्यहरूबाट उद्देश्य बमोजिम कर्जा रकम उपयोग नहुनु, आदि कारणहरूले संस्थालाई असर पार्न सक्छ । तथापि संस्थाले अवलम्बन गरेको कुशल नीतिका कारण हाल सम्म कुनै समस्या व्यहोर्नु परेको छैन ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरणः

क. यस अवधिमा संस्थाले कसैको बिरूद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको बिरूद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

ख. संस्थाका संस्थापक वा संचालकले संस्थापक वा संचालकको बिरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग. कुनै संस्थापक वा संचालक बिरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः यस वित्तीय संस्थाको शेयर कारोवारमा समय समयमा उतारचढाव देखिएता पनि धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ ।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्याः यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । (नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कुल दिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| ६२४ | ६०४ | ६०९ | ५८ | ३०९२ | २३९२७२ |

### ५. समस्या तथा चुनौती :

क. संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तार सँगै बढने सदस्यहरूको दोहोरोपना,
ख. कोषको उच्च लागत,
ग. दक्ष जनशक्तिको अभाव तथा कर्मचारी सेवाको निरन्तरतामा ह्रास,
घ. नविनतम प्रबिधिको प्रयोग गर्दा दुर्गम क्षेत्रमा Connectivity को समस्या तथा कमजोर भौतिक पुर्वाधार
ङ. अप्रत्यासीत रूपमा सृजना हुन सक्ने प्रतिकुल अवस्था ।

### ६. संस्थागत सुशासनः

संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, कर्मचारी पदपुर्ति समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप–समितिहरू मार्फत व्यवसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मूल्याङ्कन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी निर्देशनहरूका साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानुनको पालना गरिनुका साथै आवश्यकता अनुसार संस्थाको कार्यलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागू गरिएका छन् ।

### ७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धताको सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।